# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

## चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. २८**

**निवेदक/वादीको नाम, थर, ठेगाना**

धन बहादुर थापाको छोरी मोहन बहादुर विष्टको पत्नी काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने वर्ष ६५ को मिरा विष्ट ..........................................१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

अमर बहादुर कार्कीको छोरी नुवाकोट जिल्ला, साविक थानसिङ्ग गा.वि.स. वडा नं. ५ घर भई हाल काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने वर्ष ४६ की प्रमिला विष्ट .१

**वादीको साक्षी**

क) ........................................

**प्रतिवादीको साक्षी**

क) ................................................

**कागज प्रमाण** (वादी)

क) नागरिकता प्रमांण पत्रको फोटोकपी थान.१

ख) जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपी थान ..१

ग) नापी नक्साको प्रतिलिपी थान .............१

घ) मिति २०७५/०९/१३ मालपोत कार्यालय, कलंकी च.नं. ३८८२ पत्रको प्रतिलिपी थान ............................................१

**कागज प्रमाण** (प्रतिवादी)

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान . १

ख) जग्गाधनि प्रमाण पूर्जाको प्रतिलिपी थान ..............................................१

ग) भवन निर्माण नक्साको प्रतिलिपी थान ....१

घ) मालपोत तथा सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी थान ...............................१

ङ) भवन नक्साको प्रतिलिपी थान ............१

च) ट्रेश नक्साको प्रतिलिपी थान ...............१

**न्यायिक समितिबाट बुझेको साक्षी** ................

**प्रमाणहरू :**

१) जग्गा नापजाँच अमिन प्रतिवेदनमा प्रतिवेदन थान ...........................................२

## मुद्दा : नापी नक्सा बमोजिमको बाटो चलन चलाई न्याय गरी पाउँ ।

मु.नं. : ०८०-०१-००६

दर्ता मिति : २०८०/०९/२४

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१) काठमाडौं जिल्ला साविक तीनथाना गा.वि.स. वडा नं. १क को कि.नं. २७५ को क्षेत्रफल ०-३-१-० जग्गामा बनेको घर मेरो नाममा मालपोत कार्यालय, कलंकीमा दर्ता प्रमाणित मेरो जग्गाको पूर्वतर्फ रहेको कि.नं. २७४ को जग्गा मालपोत कार्यालय, कलंकीको श्रेस्तामा सार्वजनिक बाटो जनिएको र सर्भे नक्सामा समेत बाटो जनिएको छ । हामीले कि.नं. २७४ को जग्गाको क्षेत्रफल ०-०-१-० मा रहेको बाटो सम्बन्धमा १५ नं. वडा कार्यालयमा छलफल हुँदा विपक्षीले कही कतै कुनै प्रकारको बाधा अवरोध नगर्ने सो कि.नं. को जग्गा बाटो हो भनि स्वीकार गर्नु भएकोमा निजको नामको कि.नं. २७३ को जग्गामा घर निर्माण गर्दा सार्वजनिक बाटो मिची च्यापी आफ्नो जग्गा भित्र पारी घर निर्माण गरी बाटो नै बन्द गरी बाटो खिचोला गरेको हुँदा विपक्षीको कार्यले आजित भई संविधानको धारा २५, मुलुकी देवानी संहिता, २०७४ को दफा २७६ को उपदफा (२), ऐ. संहिताको दफा ३०६ (१) , ३०७ (१) समेतको कानुनी व्यवस्था विपरित विपक्षीको गैह्र कानुनी कार्य हो भनि मिति २०७५/०९/१३ मालपोत कार्यलय, कलंकीबाट कि.नं. २७४ नेपाल सरकारको नाममा बाटो रहेको भनि लेखी पठाएको छ । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७२ र प्रतिपादित सिद्धान्त बमोजिम विपक्षिले सार्वजनिक बाटोमा गरेको अवरोध हटाई नापी नक्सा अनुसारको बाटो चलन चलाई पाउँ भनि सम्मानित न्यायिक समितिमा फिराद लिई उपस्थित भएको छु भन्ने व्यहोराको वादीको उजुरी दावी ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

१) म प्रतिवादी प्रमिला विष्टको नाममा दर्ता श्रेस्ता कायम भएको काठमाडौं जिल्ला, साविक तीनथान गा.वि.स. वडा नं. १(क) को कि.नं. २७३ र २७४ को क्षेत्रफल क्रमश: ०-३-३-० र ०-०-१-० जग्गा कित्ताहरु मिति २०५९/०५/०४ मा साविक जग्गाधनी रामहरि थापासँग खरिद गरी लिएको जग्गा हो । उक्त कित्ताहरु मध्ये कि.नं. २७४ को क्षेत्रफल ०-०-१-० जग्गा कित्ता बाटो प्रयोजन भनी लेखिएको भएतापनि मेरो नाममा दर्ता श्रेस्ता कायम भएको जग्गा कित्ता हो । नापी नक्सा बमोजिम नभएको जमिनमा सहमतिमा भोग बमोजिम हामी दुवैले घर निर्माण गरि बसेका हौं । साविक तीनथाना गा.वि.स. बाट मिति २०५९ सालमा नक्सा पास स्वीकृति लिई २०/२२ वर्षदेखि अगाडी निर्माण गरी बसोबास गरि आइरहेकोमा कि.नं. २७३ र २७५ को जग्गा भोग बमोजिम नक्सामा मिल्दैन । नयाँ नापी गराई भोग र नक्सा मिलाउनु पर्दछ । मेरो नाममा दर्ता श्रेस्ता कायम भएको जग्गा मेरो निजी प्रयोगको बाटो हो, जसको मालपोत हालसम्म म प्रतिवादीले नै तिरी आएको निजी सम्पत्तिबाट अन्य कोही कसैलाई आवतजावत, हिँड्डुल गर्न दिनुपर्छ भन्ने बाध्यता मलाई छैन तर विपक्षीको घर जग्गामा आवतजावत गर्न मैले सहमति दिई आइरहेको अवस्थामा उक्साहटमा लागि

दर्ता गराउनु भएको फिराद खारेज गरी विपक्षीबाट फुर्सद दिलाई पाउँ भन्ने व्यहोराको प्रतिउत्तर-पत्र प्रतिवादीको प्रतिउत्तर जिकिर ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

मालपोत कार्यालय, कलंकीको च.नं. ३८८२ मिति २०७५/०९/१३ को पत्रमा बाटोको व्यहोरा प्रमाणित सम्बन्धमा विषय रहेको जिल्ला काठमाडौँ, साविक तिनथाना गा.वि.स. वडा नं. १ को हाल चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने रिना विष्टले दिनुभएको निवेदनको द.नं. ७८२२ मिति २०७५/०९/१३ को निवेदन माग बमोजिम जिल्ला काठमाडौँ, तिनथाना गा.वि.स. वडा नं. १क को कि.नं. २७४ को क्षेत्रफल ०-०-१-० को जग्गा प्रमिला विष्टको नाउँको श्रेस्तामा बाटो प्रयोजन भनि उल्लेख भएको व्यहोरा प्रमाणित गरिन्छ । मोठ नं. (२१/३७३३) मालपोत कार्यालय, कलंकीले बाटो प्रयोजन भनि जवाफ पठाएको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

प्रतिवादी प्रमिला विष्टको नाममा रहेको जग्गा धनि प्रमाण पूर्जा, नापी नक्सा, भवन निर्माण नक्सा राख्नुका साथै जिल्ला काठमाडौँ, तिनथाना गा.वि.स. वडा नं. १क कि.नं. २७४ क्षेत्रफल ०-०-१-० जग्गा पूर्जामा नै बाटो प्रयोजन भनि उल्लेख गरेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीले मालपोत श्रेस्ता कि.नं. २७४ बाटो प्रयोजन भनि उल्लेख हुनुका साथै नेपाल सरकारको बाटो भएको हुँदा नापी नक्सामा समेत बाटो प्रष्ट रुपमा जनिएकोले उक्त कि.नं. बाटो जनिएकोमा विवाद नरहेकोले बाटो कायम गरी पाउँ भनि गर्नु भएको बहस सुनियो ।

प्रतिवादीले मेरो जग्गाधनी दर्ता प्रमाण पूर्जामा रहेको कि.नं. २७४ बाटो प्रयोजन भनि उल्लेख भए पनि निजी भएकोले सो जग्गामा रहेको बाटो सार्वजनिक नभएको हुँदा यस विवादबाट अलग फुंसद दिलाई न्याय गरी पाउँ भनि राख्नु भएको कुरा सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

बाटो प्रयोजन भनि पूर्जामा उल्लेखित विवादित कि.नं. २७४ सार्वजनिक बाटो हो, होइन ? उक्त विवादित बाटोको कि.नं. सार्वजनिक रुपमा सुचारु गराउने नगराउने विषयमा मुख नमिलेको देखिन आयो ।

## निर्णय खण्ड

प्रस्तुत विवादित विषयमा नियमित दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी र प्रतिवादीले गर्नु भएको बहस समेत सुनी वादी दावी बमोजिमको मालपोत श्रेस्तामा बाटो प्रयोजन उल्लेख गरिनुका साथै नापी नक्सा अनुसार सार्वजनिक बाटो चलन चलाई दिनु पर्ने हो, होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो । निर्णय तर्फ विचार गर्दा प्रतिवादी प्रमिला विष्टले इजलाश समक्ष बाटो रहेको कुरामा स्विकार गरिएबाट निजले मालपोत कार्यालय कलंकीबाट पास गरि बनाएको जग्गाधनी दर्ता प्रमाण पूर्जा

मा कि.नं. २९४ कित्ता जग्गा बाटो प्रयोजन भनि उल्लेख भएको देखिन्छ। नापी कार्यालय, कलंकीको नक्सामा कि.नं. २७४ बाटो जनिएबाट जिल्ला काठमाडौं, साविक तिनथाना गा.वि.स. वडा नं. १क को कि.नं. २७४ को क्षेत्रफल ०-०-१-० जग्गा मालपोत श्रेस्ता कायम रही बाटो जनिएको भन्ने व्यहोरा मालपोत कार्यालय, कलंकीबाट लेखी आएको पत्रको च.नं. ३८८२ मिति २०७५/०९/१३ को पत्रमा बाटोको व्यहोरा प्रमाणित सम्बन्धमा विषय रहेको जिल्ला काठमाडौं, साविक तिनथाना गा.वि.स. वडा नं. १क को हाल चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने रिना विष्टले दिनुभएको निवेदनको द.नं. ७८२२ मिति २०७५/०९/१३ को निवेदन माग बमोजिम जिल्ला काठमाडौं, तिनथाना गा.वि.स. वडा नं. १क को कि.नं. २७४ को क्षेत्रफल ०-०-१-० को जग्गा प्रमिला विष्टको नाउँको श्रेस्तामा बाटो प्रयोजन भनि उल्लेख भएको व्यहोरा प्रमाणित गरिन्छ भन्ने लेखिएको देखिन्छ। मोठ नं. (२१/३७३३) मालपोत कार्यालय, कलंकीले बाटो प्रयोजन भनि जवाफ पठाएको देखिन्छ। उल्लेखित कि.नं. २७४ जग्गाको जग्गाधनी दर्ता स्रेस्ता समेत प्राप्त भई मिसिल सामेल रहेको हुँदा उक्त कि.नं. २७४ जग्गा बाटो प्रयोजन नाममा दर्ता स्रेस्ता कायम रहेको बाटो हो भन्ने कुरा देखिन आयो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ को देहाय (ठ) मा कसैको हक स्वामित्वमा रहेको भएता पनि चलन चल्तीमा रहेको बाटोको सम्बन्धमा निर्णय गर्न पाउने अधिकार न्यायिक समितिलाई दिएको हुँदा मालपोत श्रेस्ता र नापी नक्सामा स्पष्ट बाटो जनिएको अवस्थामा न्यायिक समितिले क्षेत्राधिकार ग्रहण गरी निर्णय दिन मिल्ने नै देखियो। दर्ता श्रेस्तामा बाटो भनी उल्लेख भएको सार्वजनिक जग्गामा व्यक्तिको भोगाधिकार कायम रहि स्वमित्वमा रहेको छ भनि भन्न मिलेन। तसर्थ उल्लेखित कि.नं. २७४ को जग्गामा सार्वजनिक बाटो रहेको तथ्य प्रष्ट हुँदा हुँदै उक्त जग्गामा प्रतिवादी प्रमिला विष्टको भोग रहेको भन्ने जिकिरको आधारमा प्रतिवादीको निजी बाटो हुन सक्ने देखिएन। विवादित कि.नं. २७४ को जग्गामा सार्वजनिक बाटो कायम गर्ने निर्णय गरियो। अरुमा तपशिल बमोजिम गर्नु।

## तपसिल खण्ड

(क) विपक्षीलाई यस निर्णयमा चित्त नबुझे स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ५१ बमोजिम ३५ दिने म्याद प्रतिवादीलाई काठमाडौं जिल्ला अदालतमा पुनरावेदनको म्याद दिनु। ............................................................................................................ १

(ख) मालपोत कार्यालय, कलंकीलाई कि.नं. २७४ को बाटो नेपाल सरकारको नाममा कायम गर्न निर्णयको प्रति सहित जानकारी लेखि पठाउनु। ............................................................... २

(ग) अतिक्रमण गरी सार्वजनिक बाटाको कि.नं. २७४ मा निर्माण गरेको घर लगायतको संरचना हटाउन लाग्ने सम्पूर्ण खर्च कि.नं. २७३ को जग्गाधनि प्रमिला विष्टबाट भराई हटाउनु। .. ३

(घ) सार्वजनिक सरोकारको विषय भएकोले कार्यपालिकालाई यस निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु। ............................................................................................ ४

(ङ) प्रहरी वृत्त थानकोटमा कि.नं. २७४ को सार्वजनिक बाटो खुलाउन आवश्यक सुरक्षा प्रबन्ध गर्न लेखि पठाउनु। ................................................................................................ ५

(च) निर्णयको नक्कल माग गर्ने सरोकारवालाबाट नियम बमोजिम लाग्ने नक्कल दस्तुर लिई नक्कल दिनु। ................................................................................................... ६

(ज) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु । .....७

**न्यायिक समितिका:**

संयोजक श्री बसन्ती श्रेष्ठ

**सदस्य**

श्री सीता मण्डल सत्याल

**सदस्य**

श्री रत्नलाल श्रेष्ठ

**निर्णय तयार गर्न सहयोग पुर्‍याउने**

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०८० साल चैत्र महिना २८ गते रोज ०४ शुभम् .................................